म.प.प्रा.पु. + विषय 268 /812 २०७४/४/

नेपाल सरकार
गृह मन्त्रालय

विषय : अविरल वर्षाबाट आएको बाढी, पहिरो तथा डुवान पीडितहरुलाई खाद्यान्न प्रयोजनका लागि नगद राहत उपलब्ध गराउने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :२०७४।०४।३१

१. विषयको संक्षिप्त व्यहोरा :

२०७४ साल श्रावण महिनाको अन्तिम हप्तामा मुलुकको पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, स्याङ्जा, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली लगायतका विभिन्न जिल्लाहरुमा भिषण वर्षा भई बाढी, डुवान र पहिरोबाट धेरै जनधनको क्षति भएको । यस्तो दु:खद परिस्थितिमा नेपाल सरकारका प्रशासनिक निकायहरु, सबै सुरक्षा अंगहरु, स्थानीय तह, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी खोज, उद्दार, राहत, उपचार एवम् बसोबासको व्यवस्था मिलाउने कार्य युद्धस्तरमा भैरहेको । अधिकांश पीडितहरुको घर बगेको, डुबेको, कतिपयका परिवारका सदस्यको ज्यान गएको र सम्पूर्ण रुपमा खाद्यान्न नष्ट भएको । संकटको अवस्थामा रहेका यस्ता पीडितहरुलाई न्यूनतम मात्रामा तत्काले खाद्यान्न उपलब्ध गराउन जरुरी हुन आएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

२०७१ सालको श्रावण भाद्रमा आएको बाढी, डुवान र पहिरोबाट प्रभावित बाँके, बर्दिया, दाङ, सुर्खेतका पीडित व्यक्तिहरुलाई खाद्यान्न वापत प्रति व्यक्ति प्रति दिन रु. ५०।- का दरले ३० दिनका लागि राहत उपलब्ध गराइएको ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

प्रकरण नं. १ मा उल्लेख भएवमोजिम संकटको अवस्थामा रहेका पीडितहरुलाई सम्वन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिबाट यकिन गरी खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु.७०।- का दरले ३० दिनका लागि नगदै राहत उपलब्ध गराउने निर्णयका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न माननीय गृहमन्त्रीबाट मिति २०७४।४।३१ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची–१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

(क) प्रकरण नं. १ मा उल्लेख भएवमोजिम संकटको अवस्थामा रहेका पीडितहरु यकिन गरी सम्वन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिवाट यसरी यकिन भएका पीडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु.७०।- का दरले ३० दिनका लागि एकमुष्ट नगदै राहत उपलब्ध गराउने ।

(ख) यसरी राहत स्वरुप उपलब्ध गराइने रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोषले जिल्ला दैवी प्रकोप उद्दार कोषलाई उपलब्ध गराउने ।

(ग) केन्द्रीय दैवी प्रकोप उद्दार कोषमा रकम अपुग भएमा गृह मन्त्रालयको मागको आधारमा अर्थ मन्त्रालयले रकम निकासा दिने ।

मिति : २०७४।४।३१

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

अविरल वर्षाबाट आएको बाढी, पहिरो तथा डुबान पीडितहरुलाई खाद्यान्न प्रयोजनका लागि नगद राहत उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ९/७०-०७४/४/३१ को प्रस्ताव मं.प.बै.सं. २७/०७४ मिति २०७४/४/३१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( राजेन्द्र किशोर क्षेत्री )
मुख्यसचिव
२०७४/४/३१